JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन १५ गते शनिबार ❑ 27 Feb. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पत्रकार महासंघमा साझा नेतृत्व आवश्यक: अध्यक्ष आचार्य

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ फागुन**

नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश समितिको नवनिर्मित कार्यालय भवनको शुक्रबार उद्घाटन गरिएको छ।




महासंघका केन्द्रीय अध्यक्ष गोविन्द आचार्यले पोखरा महानगरपालिका-७ रत्नचोकमा कास्की शाखाको माथिल्लो तलामा निर्मित प्रदेश समितिको कार्यालय भवनको उद्घाटन गरेका हुन्।

अध्यक्ष आचार्यले महासंघको नीति र कार्यान्वयनका लागि महासंघमा साझा नेतृत्व आवश्यक रहेको बताए। महासंघलाई पत्रकारको साझा संस्थाका रुपमा विकास गर्दै सबै अटाउने गरी नेतृत्व चयन गर्नुपर्नेमा जोड दिँदै उनले पत्रकारलाई नागरिक हितका लागि सदैव आवाज उठाउन आग्रह गरे। महासंघको इतिहासमा पहिलोपटक केन्द्र, प्रदेश र जिल्ला शाखाको एकैपटक प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत नेतृत्व चयन गरिने जानकारी दिँदै उनले आगामी चैत १६ गते स्थापना दिवसका दिन पदभार हस्तान्तरण गर्ने गरी निर्वाचन कार्यक्रम प्रकाशन गर्न निर्वाचन समितिलाई अनुरोध गरिएको जानकारी दिए। अध्यक्ष आचार्यले संस्थाको गरिमा बचाउन राजनीतिकरण अन्त्य हुनुपर्ने आवश्यकता औँल्याउदै हालको कार्यसमितिले निर्वाचित जनप्रतिनिधि र राजनीतिक पार्टीको पदाधिकारीमा रहेकालाई महासंघको सदस्यबाट हटाइएको बताए।

गण्डकी प्रदेश सरकारको रु १४ लाख ५० हजार, प्रतिनिधिसभाका सांसद विद्या भट्टराईको निर्वाचन क्षेत्र पूर्वाधार विकास कोषको १० लाख तथा अन्य सहयोगी दाताको आर्थिक सहयोग गरी कूल ३५ लाख लागतमा कार्यालय भवन निर्माण गरिएको निर्माण समितिका संयोजक इन्द्र पौडेलले जानकारी दिए। सांसद विद्या भट्टराईले लोकतान्त्रिक मान्यतालाई संस्थागत गर्न राज्य सञ्चालकबाट कन्जुस्याई हुने गरेको भन्दै त्यसका विरुद्ध पत्रकारले आवाज उठाउनुपर्ने बताउँदै लोकतन्त्रका मान्यतालाई जनताको बीचमा पुऱ्याउने दायित्वसमेत सञ्चारजगत्को रहेको स्पष्ट पारिन।

महासंघ प्रदेश समितिका अध्यक्ष त्रिभुवन पौडेलले प्रदेश समितिको संस्थापक अध्यक्षको जिम्मेवारी लिँदै कार्यालय भवन बनाउने संकल्प लिएकामा त्यसलाई पूरा गर्न सफल भएको बताउँदै आउने नेतृत्वले भवनको सदुपयोग गर्न आग्रह गरे। कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्यद्वय रामकृष्ण ज्ञवाली, नविन कुँइकेल, प्रदेश समितिका उपाध्यक्ष शान्ति गुरुङ, महासचिव गणेश पौडेललगायतले कास्की शाखालगायत सबैको साथ र सहयोगबाट कार्यालय भवन निर्माण सम्पन्न भएको बताए थिए।

## प्रतिनिधिसभाको बैठक फागुन २३ गते बोलाउन सिफारिश

**रासस**
**काठमाडौं, १४ फागुन**

सरकारले यही फागुन २३ गते प्रतिनिधिसभाको बैठक बोलाउन सिफारिश गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार साँझ बसेको मन्त्रिपरिषद्को बैठकले प्रतिनिधिसभाको बैठकका लागि सिफारिश गर्ने निर्णय गरेको हो। सर्वोच्च अदालतको फैसलाअनुसार सरकारले प्रतिनिधिसभाको बैठक बोलाउन राष्ट्रपति समक्ष सिफारिश गर्ने निर्णय गरेको हो।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङका अनुसार प्रतिनिधिसभाको बैठक यही फागुन २३ गते बोलाउने विषयमा छलफल भएको हो।

सर्वोच्च अदालतले यही फागुन ११ गते १३ दिनभित्र प्रतिनिधिसभाको बैठक बोलाउन आदेश दिएको थियो।

## 'विश्वासको मत खेर जाँदैन'

**पोखरापत्र संवाददाता**
**बागलुङ, १४ फागुन**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रचण्ड-नेपाल समूहका स्थायी कमिटी सदस्य देबेन्द्र पौडेलले जनताबाट प्राप्त विश्वासको मत खेर जान नदिने बताए।

नेकपा जैमिनी नगरकमिटीले शुक्रबार कुश्मीसेरामा आयोजना गरेको जनसभामा नेता पौडेलले सरकारलाई काम गर्न कसैले नरोकेको तर्क गरे। असंवैधानिक कदम चाल्ने अनि काम गर्न नदिएको भन्ने आरोप झूट भएको बताउँदै सो समूहका गण्डकी प्रदेश इञ्चार्जसमेत रहनुभएका उनले संसद् पुनःस्थापनासँगै जनताको मतलाई थप सदुपयोग गरेर लैजाने प्रतिबद्धता व्यक्त गरे।

पार्टी केन्द्रिय सदस्य तथा प्रतिनिधिसभा सदस्य रामकुमारी झाँक्रीले वर्तमान समस्या संसद् बाट हल भएर जाने विश्वास व्यक्त गरिन। प्रचण्ड-नेपाल पक्षधर नेकपालाई संसदीय दलको नेता छान्ने अधिकार रहेको बताउँदै उनले संसदीय दलको नेतासमेत आफुहरूले तय गर्ने बताए। उनले सूर्य चिह्न आफुहरूले नै पाउनुपर्ने जिकीर गरे।

## नेपालले कार्बन सञ्चितिबापत पाँच अर्ब प्राप्त गर्ने

**रासस**
**काठमाडौं, १४ फागुन**

नेपालले वन संरक्षणमार्फत उत्सर्जन घटाई कार्बन सञ्चितिबढाएबापत करीब रु पाँच अर्ब (४५ मिलियन अमेरिकी डलर) रकम पाउने भएको छ।

वन तथा वातावरण मन्त्रालयका सचिव डा विश्वनाथ ओली र विश्वबैंकका देशीय निर्देशक फरिस अदाद-जेर्भोसबीच बुधबार भएको उत्सर्जन कटौती खरीद सम्झौअनुसार नेपालले सो रकम प्राप्त गर्नेछ।

सो सम्झौतानुसार नेपालले पश्चिम तराईका जिल्लाका वनबाट ९० लाख टन कार्बनडाइअक्साइड उत्सर्जन घटाउने छ। यसरी वन संरक्षणमार्फत उत्सर्जन घटाई कार्बन सञ्चिति बढाएबापत नेपालले सो रकम पाउन लागेको मन्त्रालयले जनाएको छ। साथै समुदायमा आधारित वन व्यवस्थापन सुधार, राष्ट्रिय वनका लागि उपभोक्ता अधिकार स्थानीय समुदायमा हस्तान्तरण, एकीकृत भूमि उपयोग योजना सुधार, ऊर्जाको वैकल्पिक स्रोतको प्रवर्द्धन र संरक्षित क्षेत्र व्यवस्थापनको क्षमता अभिवृद्धि गरिनेछ। बैंकसँग यस्तो सम्झौता गर्ने नेपाल एशिया-प्रशान्तमा पाँचौं र विश्वव्यापीरूपमा १२औं देश हुन पुगेको छ।

## 'निजी पूँजिलाई ठिक ढंगले परिचालन गर्नुपर्ने'

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ फागुन**

गण्डकी प्रदेशका संसाद रामजी प्रसाद बराल (जीवन) ले निजी पूंजिलाई ढिक ढंगले परिचालन गर्नु पर्ने बताएका छन्।

पोखरा च्याम्बर अफ कमर्स उत्तरीक्षेत्र इकाईको प्रथम बार्षिक साधारण सभाको शुक्रबार उद्घाटन गर्दै सांसद बरालले प्रगतीशिल पूंजिको आवश्यक भएको बताउदै त्यसको लागि निजी क्षेत्रको पूंजिलाई उचित ढंगले परिचालन गर्नुपर्ने बताएका हुन्। देशमा राजनीति अस्थिरता हुँदा निजी क्षेत्रमा समेत असर पर्ने भएकोले त्यस तर्फ सवै सचेत हुनु पर्ने बताएका संसाद बरालले विकास निर्माणमा सवै पार्टी एक हुनु पर्ने बताए। उनले भने "अब हाम्रो विधि र निती परिवर्तन भए पनि हाम्रो मानसिकता सोचमा अझै परिवर्तन हुन सकेको छैन, कार्यशैलीमा अब परिवर्तन गर्नु पर्छ।" आजको आवश्यकताको पहिचान गरी त्यसको समस्याको समाधान गरी भविश्यको सम्भावनाको खोजि गर्न व्यवसायीक संघ संस्थाहरुले सरकारी निकायसंग समन्वय गर्न सक्नु पर्ने सांसद बरालको भनाई थियो।

पोखरा च्याम्बर अफ कमर्सका अध्यक्ष किसान सुनारले कोरोनाबाट प्रभावित भएका व्यवसायीहरुको लागि आएको मौद्रिक नितीले अझै पनि व्यवसायीहरुले उचित राहात प्राप्त गर्न नसकेको गुनासो गरे। केही बैंकहरुमा अब अनुगमन नै गर्नु पर्ने उनले बताए। पोखरा च्याम्बर अफ कमर्स उत्तरीक्षेत्र इकाईका अध्यक्ष बिष्णु बाँस्तोताको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा पोखरा उद्योग बाणिज्य संघका कोषाध्यक्ष बलराम आचार्य, पोखरा महानगरपालिका वडा नम्बर १ का वडा सदस्य रुद्र सुवेदी, सचिव दुर्गादत्त पोखेल, कार्यक्रम संयोजक सविन जिसी, च्याम्बरका बोधराज सुवेदी लगायतले वोलेका थिए।

## परीक्षा उत्तीर्ण भएको महिना दिनमा चालक अनुमतिपत्र पाइने

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ फागुन**

नयाँ चालक अनुमतिपत्रका लागि फाराम भर्नेको सङ्ख्या पाँच लाखभन्दा बढी हुँदा यातायात व्यवस्था विभागले अनुमतिपत्रको परीक्षा पास गरेका सेवाग्राहीलाई एक महिनाभित्रमा अनुमतिपत्र दिइसक्ने योजना बनाएको छ। ठूलो सङ्ख्यामा कार्ड छाप्ने उपकरण (मास प्रिन्टर) को प्रयोग गरेर एकैदिनमा धेरै सङ्ख्यामा अनुमतिपत्र छाप्न सकिने विभागले जनाएको छ।

अहिले तत्काल कार्ड स्टक थोरै सङ्ख्यामा भएकाले छाप्न नसकिएको भए पनि नयाँ कार्ड आउनासाथ अनुमतिपत्र छपाइ गरिने छ। विभागले १४ लाख कार्ड खरीदका लागि प्रक्रिया अघि बढाएको निर्देशक रामचन्द्र पौडेलले बताए। उनका अनुसार यी कार्डको खरीद गर्न लागेको कम्पनीले अहिले थोरै सङ्ख्यामा कार्ड नमूना परीक्षणका लागिसमेत पठाइसकेको छ। त्यो ठीक छ भन्ने जानकारी दिएपछि केही समयमा नै कार्ड आउने उनले जानकारी दिए। उनले भने, "हामीसँग थोरै कार्ड मात्रै बाँकी भएकाले थोरै छापिएको हो, नयाँ कार्ड आउनासाथ धमाधम एकैदिनमा धेरै छपाइ हुनेछ।"

विभागले गत वर्ष खरीद गरेको 'मास प्रिन्टर' को क्षमता एक घण्टामा ४५० अनुमतिपत्र छाप्न सक्ने रहेको छ। एक दिनमा १० घण्टा सञ्चालन गर्दा पनि चार हजार ५०० छापिने निर्देशक पौडेलले बताए। उपकरणलाई २४ घण्टा चलाउँदा १० हजार बढी छापिने उहाँको भनाइ छ। विभागले कोभिड-१९ नियन्त्रणका लागि सरकारले जारी गरेको बन्दाबन्दीको समयमा तीन 'सिफ्ट' मा उपकरण सञ्चालन गरेको थियो। उनले भन्नुभयो, "कति घण्टा चलाउने भन्ने चापमा निर्भर गर्छ।"

## बिरामी बोकेको जिप दुर्घटनामा एकको मृत्यु, चार घाइते

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १४ फागुन**

म्याग्दीको बेनी नगरपालिका-४ फापरखेतमा बिहीबार राति भएको जिप दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने चार घाइते भएका छन्।

मालिका गाउँपालिका-३ पात्लेबाट बिरामी लिएर बेनीतर्फ आउँदै गरेको ग१ज ६७८८ नंको जिप सडकबाट म्याग्दी नदीमा खसेको थियो। जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी नायब उपरीक्षक श्यामकुमार राईले मालिका-३ का ६२ वर्षीय गोविन्द रोकाको बेनी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जानकारी दिए। रुखबाट लडेर घाइते भएका रोकालाई उपचारका लागि पोखरा लैजाँदै गरेको जिप दुर्घटना भएको हो। घाइते चालक मालिका-१ निस्कोटका ३० वर्षीय नरबहादुर रोकालाई थप उपचारका लागि पोखरा सिफारिस गरिएको छ। यसैगरी मालिका-३ पात्लेका २९ वर्षीय रवीन्द्र रोका, २० वर्षीया रेजिना रोका र ३८ वर्षीय खगेन्द्र रोकाको बेनी अस्पतालमा उपचार भइरहेको छ।

चालकबाहेक मृतक र घाइते एकै परिवारका सदस्यहरू हुन्। तातोपानी प्रहरी चौकी, तातोपानी र पखेरका स्थानीय बासिन्दाले घाइतेको उद्धार गरेका थिए। दुर्घटनाबारे अनुसन्धान जारी रहेको प्रहरी नायब उपरीक्षक राईले बताए।

## प्रोत्साहन अभियानले बाँझो जग्गा खेतीयोग्य बन्दै

**पोखरापत्र संवाददाता**
**वालिङ, १४ फागुन**

स्याङ्जाको फेदीखोला गाउँपालिकाले लगातार दुई वर्ष बाँझो रहेको जमिनमा खेती गर्ने किसानलाई प्रोत्साहन रकम उपलब्ध गराउने अभियान चलाएसँगै बाँझो जग्गा खेतीयोग्य बन्दै गएको छ।

गाउँपालिकाले कार्यविधि बनाएर गत आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याएपछि लामो समयदेखि बाँझो रहेका जग्गामा पुनः खेतीपाती शुरु भएको गाउँपालिका अध्यक्ष घनश्याम सुवेदीले बताउनुभयो।

गाउँपालिकाभित्र दुई वर्षदेखि बाँझो रहेका खेतीयोग्य जमिनमा कृषिजन्य वस्तुको उत्पादनमा जोड दिने, उत्पादन वृद्धिसँगै आत्मनिर्भरता बढ्ने, किनेर खानेभन्दा पनि बिक्री वितरण गरेर खाने बानीको विकास हुनुका साथै विशेषगरी आयात प्रतिस्थापन गरी आत्मनिर्भरतामा जोड दिने मुख्य उद्देश्यले गत वर्षको बन्दाबन्दीका समयबाट अभियानलाई कार्यान्वयनमा ल्याइएको अध्यक्ष सुवेदीले बताउनुभयो। "गत आर्थिक वर्षमा एक हजार ७३४ रोपनी बाँझो रहेको जग्गामा कृषिजन्य वस्तुको उत्पादन गरिएको थियो", अध्यक्ष सुवेदीले भन्नुभयो, "गत आवमा उक्त अभियानमा ३३४ कृषक सहभागी हुनुभएको थियो भने रु छ करोडभन्दा बढीको कृषिजन्य वस्तुको उत्पादन भएको थियो।"

गाउँपालिकाले चालु आवका लागि पनि प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्था मिलाएको छ। प्रोत्साहन रकम प्राप्त गर्नका लागि लगातार दुई वर्षसम्म बाँझो रहेको जग्गामा खेती गर्ने किसानले सम्बन्धित वडाबाट प्राप्त हुने फारम, खेती गर्ने जग्गाको लालपुर्जा, लिजमा लिएको भए सम्झौता र वडाको सिफारिस आवश्यक पर्ने अध्यक्ष सुवेदीले बताउनुभयो। गत आवमा प्रोत्साहन रकम पाएको जग्गामा पुनः खेती गरेमा रकम दिइने छैन। प्रोत्साहन रकम प्राप्त गर्न गत वर्ष प्रोत्साहन प्राप्त गरेको व्यक्तिले भने दुई वर्षअघिदेखिको बाँझो जग्गामा खेती गरेमा उक्त रकम प्राप्त गर्न सक्ने कार्यविधिमा उल्लेख गरिएको छ।

गाउँपालिकाले आफ्नै जग्गामा खेती गर्ने किसानलाई प्रतिरोपनी रु दुई हजार र भाडामा लिएर खेती गर्नेलाई प्रतिरोपनी रु दुई हजार ५०० का दरले अनुदान रकम उपलब्ध गराउने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी बरालले बताउनुभयो। उहाँका अनुसार धानका लागि न्यूनतम दुई रोपनी, कोदोका लागि न्यूनतम एक रोपनी र दलहन वा तरकारीका लागि न्यूनतम एक रोपनी जग्गाको क्षेत्रफल हुनैपर्ने प्रावधान राखिएको छ। कार्यविधिअनुसार भए/नभएको र अनुदान दिन आवश्यक रहे/नरहेको छानबिन अनुगमन समितिले गर्ने र प्रक्रियाबमोजिम आएकाकिसानलाईअनुदानउपलब्ध गराइने गाउँपालिकाले जनाएको छ। गाउँपालिकाका पाँच वडाभित्र झण्डै छ हजार रोपनी जग्गा बाँझो रहेकामा गत आवमा एक हजार ७३४ रोपनी जग्गामा खेती भइसकेको छ। चालु आवमा पनि यस अभियानमा किसानको उत्साहजनक सहभागिता रहने दाबी गाउँपालिकाका अध्यक्ष सुवेदीको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# स्व. डम्बरहादुरको पुण्यतिथिमा बिजय आधारभूत विद्यालयमा खाद्यान्न वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ फागुन**

स्व.डम्बरवहादुर गुरुङको पुण्यतिथिको अवसरमा पोखरा महानगरपालिका वडा नं १३ स्थित विजय आधारभूत विद्यालयलाई खाद्यान्न तथा शैक्षिक सामाग्री प्रदान गरिएको छ।

स्व.गुरुङका छोराहरु सुवेदार कर्णवहादुर गुरुङ, क्या लोकवहादुर गुरुङ, टोवहादुर गुरुङ, विकास गुरुङ, वुहारीहरु क्रमश तिजकुमारी गुरुङ, मिनाकुमारी गुरुङ, लक्ष्मी गुरुङ सगुनकुमारी गुरुङ, छोरीहरु क्रमश हिमकुमारी गुरुङ, भिमकुमारी गुरुङ र कृष्णकुमारी गुरुङले विद्याललय अध्ययनरत आवाशिय विद्यार्थीहरुलाइ ३० हजार वरावरको सामाग्री वितरण गरका हुन। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्देश गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा सहयोगी दाताको तर्फवाट सु.कर्णवहादुर गुरुङ, विद्यालय व्यवस्थापन समितिका भुपु अध्यक्ष क्या. मनवहादुर गुरुङ लगायत वोलेको कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापक कृष्णमोहन ढकालले स्वागत र शिक्षक बलराम बरालले संचालन गरेका थिए।

सोही कार्यक्रममा सु.कर्णवहादुर गुरुङको श्रीमती तिजकुमारी गुरुङले बुबा केशवहादुर गुरुङको पुण्यतिथिमा एक बोरा चामाल विद्यालयलाइ प्रदान गरेकी समाजसेवी तिलकहादुर गुरुङले पोखरापत्रलाई वताए।

# देश्ना स्मृति कप: ब्रदरवुड र गार्डेन भेट्रान्स उपाधिका लागि भिड्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ फागुन**



पोखरा महागरपालिका १ पुरानो टुडिखेलमा जारी 'दोस्रो देश्ना चन्द स्मृति भेट्रान्स सेभेन ए साईड नयाँगल्ली कप २०७७' मा ब्रदरवुड भेट्रान्स र गार्डेन भेट्रान्स उपाधिका लागि भिड्ने भएको छ।

शुक्रबार सम्पन्न सेमीफाईनल खेलबाट विजयी बनेको दुई टिम शनिबार पुरानो टुडिखेलमा दिउँसो १ बजे उपाधिका लागि प्रतिस्पर्धा गर्ने प्रतियोगिता संयोजक हिटलर घलेले जानकारी दिए। उनका अनुसार बिहीबार सम्पन्न पहिलो सेमीफाईनल खेलमा सँगम एफसीलाई ५-१ गोलको फराकिलो अन्तरले पराजित गर्दै फाईनलमा प्रवेश गरेको हो।

उक्त खेलमा म्यान अफ द म्याच बनेका मनोज गुरुङले ४ गोलको योगदान दिए भने दीपक क्षेत्रीले १ गोल गरे। यता सँगम एफसीका लागि हरी लामाले १ सान्त्वना गोल फर्काए। त्यस्तै अर्को सेमीफाईनल खेलमा भ्याली स्पोर्टस्लाई गार्डेन एफसीले १-० गोलले पराजित गर्दै उपाधि नजिक पुग्यो। गार्डेनका जीतमा सन्तोष कार्कीले निर्णायक गोलको योगदान दिए। उक्त खेलबाट गार्डेनका मन बहादुर गुरुङ म्यान अफ द म्याचको पुरस्कारको हकदार बने। कुल १८ टिमको सहभागिता रहेको उक्त प्रतियोगिताको विजेता टिमलाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद ७० हजार प्रदान गरिनेछ। त्यस्तै उपविजेता टिमलाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद ४० हजार प्रदान गरिनेछ। भने विधागत तर्फ उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर, सर्बाधिक गोलकर्ता र अनुशासित टिमलाई आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ।

प्रतियोगिताको सर्वोत्कृट खेलाडी दाम्पत्यलाई पुरस्कार स्वरुप रुपाकोट रिसोर्टको तर्फबाट एकरात आवास तथा खानाको व्यवस्था गरिएको समेत आयोजकले जनाएको छ।

# मणीदिपमा नर बहादुर बरालको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित

**विनय पौडेल**
**पोखरा, १४ फागुन**

श्री नागेश्वर महादेव मन्दिर विकास समिति, पोखरा १३ आर्वा मणीदिपमा नर बहादुर बरालको नेतृत्वमा नया कार्यसमिती सर्वसम्मत निर्वाचित भएको छ।

शुक्रबार मणीदिपमा आयोजित भेलाले उपाध्यक्ष मा बेदनाथ अधिकारी, सचिवमा शिबराज बराल, सहसचिवमा सुदर्शन बराल र कोषाध्यक्षमा मधु बराललाई चयन गरेको छ। तस्तै समितिका सदस्यहरुमा पदम राज बराल, गिता बराल, शिब प्रसाद बराल, श्रीधर बराल र रीता बराल छानिएका छन्न्।

भेलाले सल्लाहकार समिती समेत चयन गरेको छ। सल्लाहकार समितिमा कीशोर दत्त बराल, बिष्णु प्रसाद बराल, हरी बहादुर बराल, राजेन्द्र प्रसाद बराल, ऋषिराम सिग्देल, युवराज बराल, भिम बहादुर बराल, सुरेन्द्र प्रसाद बराल र बिमला बस्नेत रहेका छन्।

नागेश्वर महादेव मन्दिर विकास समिति पोखरा-१३ आर्वा मणीदिपका अध्यक्ष नर बहादुर बरालको अध्यक्षतामा भयको कार्यक्रममा प्रमुख अतिथि विश्वहिन्दू महासंघ कास्कीका उपाध्यक्ष भीम बहादुर बरालले मणीदिपलाई धार्मिक तथा पर्यटकीय स्थलको रुपमा बिकाश गर्न नयाँ कार्यसमितिले योजना बनाएर अगाडी बढ्नु पर्ने बताए। समाजसेवी कीशोर दत्त बरालले समग्र आर्वा मात्र नभई नेपालकै एक नमुना अलौकिक धार्मिक तथा पर्यटकीय क्षेत्र मणीदिपमा भएकोले यसको थप प्रचार प्रसार मा ध्यान दिनुपर्ने बताए।

सान्तेडाडा सालघारी बन उपभोक्ता समितिका अध्यक्ष बिष्णु प्रसाद बराल, अमलाचौर चापडाँडा टोल बिकाश समितिका अध्यक्ष हरी बहादुर बराल लगायतले शुभकामना ब्यक्त गर्दै मणीदिपको बिकाशमा सबै एक ढिक्का भएर लाग्नु पर्ने बताए।

कार्यक्रममा सहकोषाध्यक्ष मधु बरालले समितिको आर्थिक प्रतिवेदन प्रस्तुत गरेकी थिईन भने उपाध्यक्ष कृष्ण कुमारी बरालले स्वागत तथा सचिव युवराज बरालले कार्यक्रमको सञ्चालन गरेका थिए। (विद्यार्थी पत्रकार)

# रुपा गाउँपालिकाको पाचौं स्थापना दिवसमा पालिका स्तरिय भलिवल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ फागुन**




कास्कीको रुपा गाउँपालिकाको पाचौं स्थापना दिवसको अवसरमा पालिका स्तरिय भलिवल प्रतियोगिता हुने भएको छ।

रुपा गाँउपालिकाको स्थापना दिवसको अवसरमा यही फागुन २३ गते देखि पालिका स्तरिय अध्यक्ष कप भलिवल प्रतियोगिता हुने भएको शुक्रबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

भलिवल प्रतियोगिताका बिजेताले ८० हजार, उपविजेताले ६० हजार, तेश्रो हुनेले ४० हजार र शान्त्वना हुनेले ३० हजारको सागथमा ट्रफी मेडल र प्रमाण–पत्र वितरण गरिने भएको रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओभ्प्ताले बताए। प्रतियोगितामा उत्कृष्ट हुने खेलाडीलाई ५ हजार, प्रतियोगितामा उत्कृष्ट स्पाइकर, सर्भर, ब्लकर, सेटर, र उत्कृष्ट लिब्रोलाई जनही ३/३ हजारको साथमा ट्रफी वितरण गरिने भएको छ। गाँउपालिका अर्न्तगतका ७ वटै वडाहरुमा लोप हुन लागेका जातजातिहरुको संस्कृति परम्परा जगेर्ना र संरक्षण गर्ने उद्धेश्यले रुपा गाउँपालिका स्तरिय झाँकी प्रदर्शनी प्रतियोगिता, विभिन्न प्रजातिका फुल तथा दुबोको माला बनाउने प्रतियोगिता हुने भएको छ। झाँकी तर्फ विजेताले ३५ हजार, दोश्रो हुनेले २० हजार र तेश्रो हुनेले १५ हजार पुरस्कार प्रदान गरिने भएको छ। दुबोको माला प्रतियोगितामा विजेताले ४ हजार, उपविजेताले ३ हजार र तेश्रो हुनेले २ हजार रुपैया पुरस्कार प्राप्त गर्ने भएको छ।

यही फागुन २७ गते समापनको अवसरमा ख्याति प्राप्त राष्ट्रिय तथा स्थानिय कलाकारको बेजोड सांस्कृतिक प्रस्तुती रहने भएको अध्यक्ष ओभ्प्ताले बताए। रुपा पहिचानः सबै क्षेत्रमा समृद्धिको अभियानको नारा अघि सारेको गाँउपालिकाले राष्ट्र निर्माण र राष्ट्रियताको संरक्षण र सम्बर्द्धनमा अतुलनिय योगदान पुराएका गाँउपालिकाका श्रष्ठाहरु साहित्यकार, लेखक तथा विभिन्न विधामा प्रतिनिधित्व हुने राष्ट्रिय खेलाडीहरुलाई १५ हजार १ सय १ रुपैयाको साथमा ताम्रपत्र सहित दोसल्लाले सम्मान गरिने भएको छ। ३ खेलाडी सहित करिब १२ जना एकै मञ्चमा सम्मानित हुने भएको गाउँपालिकाले जनाएको छ। गत बर्ष उत्त भलिवल सहितको विभिन्न कार्यक्रम गर्ने तयारी गरेसंगै कोरोनाको प्रभावले उत्त कार्यक्रम स्थगित भएको थियो।

गाउँपालिकाले गाँउपालिका स्तरिय कवर्डहल, प्यारापिट सहितको स्टेडिएम हाल निर्माण हुदै गरेको अध्यक्ष ओभ्प्ताले जनाए। अध्यक्ष ओभ्प्ताले अझै पनि प्रदेश र संघिय सरकारले स्थानिय तहसंग समन्वय र सहकार्य विना विभिन्न कार्यालय स्थापना देखि योजनाहरु पार्ने गरेको गुनासो गरे। रुपा गाउँपालिकामा हालसम्म ८५ प्रतिशत एक घर एक धारा पुगेको उनको दाबी छ।

सवै वडामा ल्याव स्थापना गरिएको, ३ प्राविधिक शिक्षालय स्थापना गरिएको, हाल वडामा करिब ८५ किलोमिटर पिट सडक निमार्णको चरणमा रहेको अध्यक्ष ओभ्प्ताले जनाए। रुपा गाउँपालिकाका प्रवत्ता टेकबहादुर गुरुङले दिगो विकासको लक्ष्यहरु प्रति ध्यान दिदै पर्यटन, खानेपानी, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, सडक, सिंचाई, कृषि पशुपालन र रोजगार लगायतको क्षेत्रमा उल्लेखनिय काम गर्दै आएको दाबी गरे।

# जिल्ला इञ्चार्ज पक्राउ

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १४ फागुन**

सरकारद्वारा प्रतिबन्धित नेत्रविक्रम चन्द समूहका मुस्ताङ जिल्ला इञ्चार्ज पदम पुन (फिल्टर) म्याग्दीबाट पक्राउ परेका छन्।

म्याग्दीको मालिका गाउँपालिका-२ बाट पुनलाई इलाका प्रहरी कार्यालय दरवाङको टोलीले बिहीबार साँझ पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। अन्दाजी ६० वर्षीय पुनलाई बिहीबार साँझ नै बेनी ल्याइएको छ।

प्रहरी नायब उपरीक्षक राईले राज्यविरुद्धको अपराधमा संलग्न भएको अभियोगमा पुनलाई पक्राउ गरिएको बताउनुभयो। "दरवाङ क्षेत्रबाट पक्राउ गरिएको हो", उनले भने, "उहाँ यसअघि विभिन्न घटनामा संलग्न भई फरारको सूचीमा पनि हुनुहुन्थ्यो।" पुन एनसेलको टावर, डोजरलगायत निर्माण उपकरणमा आगजनी, चन्दा असुलीलगायतका गतिविधिमा संलग्न भएको प्रहरीको आरोप छ। पुन म्याग्दीको मालिका गाउँपालिका-३ का बासिन्दा हुनुहुन्छ। उनी पछिल्लो समय चन्द समूहको मुस्ताङ जिल्ला इञ्चार्ज रहेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। चन्द समूह र सरकारबीच वार्ताको चर्चा चलिरहेका समयमा पुन पक्राउ परेका हुन्।

# लुम्बिनी विकास बैंकले सहारा फुटबल एकेडेमीलाई आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ फागुन**




लुम्बिनी विकास बैंकले सहारा क्लवले सञ्चालन गरेको सहारा फुटबल एकेडेमीलाई २ लाख २० हजार रुपैया सहयोग गरेको छ।

एकेडेमीमा रहेका २४ जना बालकहरुलाई एक वर्षका खाजाका लागि आवश्यक रकम बैंकले २ लाख २० हजार रुपैया सहयोग गरेको हो। बैंकका तर्फबाट सञ्चालक रामचन्द्र सिग्देल, बैंकका मुख्य प्रबन्धक दिपक खनाल, प्रमुख सञ्चालक सुकदेब पहारी, पोखरा रामबजार शाखाका प्रवन्धक बालकृष्ण बन, न्यूरोड शाखाका शाखा प्रबन्धक बलबहादुर ढकाल, लेखसाइड शाखा शाखा प्रबन्धक महेन्द्रकुमार श्रेष्ठ लगाएतले सहारा क्लबका अध्यक्ष केशब थापालाई चेक हस्तान्तरण गरेका छन्।

बैंकको सामाजीक उत्तरदाइत्व अन्तरगत एकेडेमीलाई सहयोग गरेको बैंकका सञ्चालक रामचन्द्र सिग्देलले जानकारी दिए। 'बैंकले सहारा क्लबलाई तीन वर्ष देखी सहयोग गर्दै आएको छ,' सिग्देलले भने 'यस फुटलब विकासमा टेवा पुग्ने छ।' उनले बैंकले सामाजीक क्षेत्रमा सामाजीक उत्तरदायीत्व अन्तरगत अन्य ठाउँमा पनि सहयोग गर्दै आएको बताए। 'आमा बाबु नभएको बालकलाई अभिभावकत्व दिनु सहज छैन, उनले भने-'क्लबले पुण्य काम गरेको छ। त्यसमा केही सहयोग होस् भनेर सहयोग गर्दै आएका छौ।' क्लबका अध्यक्ष थापाले मनकारीकै मायाले एकेडेमी चलेको भन्दै एकेडेमी सञ्चाल गर्न सहयोग पुग्ने बताए। पूर्व अध्यक्ष विक्रम थकालीले बैंकले आहा रारा गोल्डकपलाई लामो समयदेखि बैंकले बैंकिङ पार्टनरका रुपमा सहयोग गर्दै आएको बताउदै आगामी दिनमा पनि निरतरता पाउने विश्वास गरे। कार्यक्रममा सहारा क्लबका सचिब सुनिल रानामगर, पूर्व कार्यसमिति सदस्य राजकुमार गुरुङ, रविन श्रेष्ठ र प्रकाश रानाले सहारा फुटबल एकेडेमिका बारेमा जानकारी दिएका थिए। क्लबले २०६१ सालदेखि एकेडेमी निरन्तर एकेडेमी सञ्चालन गरिरहेको छ। हाल एकेडेमीमा देशका विभिन्न १४ जिल्लाका २४ जना कठिन परिस्थितीका बालकहरु आश्रित छन्। निरन्तर सहयात्रा भन्ने नाराका साथ बैंकले देशभर ६९ शाखा र १७ वटा एटिएमबाट सेवा प्रदान गर्दै आएका छ। त्यसै गरी गण्डकी प्रदेशमा १२ वटा र पोखरामा ८ वटा शाखा छन्। बैंकले विभिन्न प्रकारका निक्षेप, कर्जा, एबिबिएस सेवा, मोवाइल बैंकिङ, एटिएम, लकर लगाएतका सेवा प्रदान गर्दै आएको छ।




**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग**: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५३२५०८, ०६१–५२०६५१, ०६१–५३७८५७, E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# ओभ्रेलमा पर्यटकीय रामकोट

**गणेश कुमार श्रेष्ठ**
**पोखरा, १४ फागुन**

बाग्लुङको काठेखोला गाउँपालिका-५ को रामकोटलाई पर्यटकीय क्षेत्र बनाउने अभियान ओभ्रेलमा परेको छ । लामो समयदेखि स्थानीय र जनप्रतिनिधिले धार्मिक गन्तव्य र पर्यटकीय क्षेत्र बनाउने आश्वासन दिए पनि पूर्वाधार निर्माण तथा अन्य क्रियाकलापले प्राथमिकता नपाएका हुन् ।

देवघाटधामका सञ्चालक ज्ञानानन्द सरस्वतीले लामो समयसम्म रामकोटको संरक्षण गरेका थिए । उनी देवघाट झरेपछि स्थानीय तह, प्रदेश र सङ्घीय क्षेत्रको बजेट तथा कार्यक्रम नपरेको हो । ज्ञानानन्द सरस्वतीका गुरु परमानन्दसमेत यही जन्मेका थिए । बिहुँमा रहेको रामकोट र त्रिपुरेश्वर मन्दिर गण्डकी प्रदेशकै अग्लो मन्दिर भएको दाबी गरिएको छ । प्रवर्द्धनात्मक कार्यक्रम भने हुन सकेको छैन । "चालू वर्ष वडाको बजेटबाट सत्तल निर्माण र परमानन्द गुरुको शालिक राख्ने कार्यक्रम बनाएका छौँ", वडाध्यक्ष शिवप्रसाद कँडेलले भन्नुभयो, "पालिकाबाट पनि बजेट पारेर पर्यटन प्रवर्द्धनका कार्यक्रम राख्ने भने पनि बजेट परेको छैन ।" शिवरात्रि मेलामा यहाँ सयौँ भक्तजन पुग्छन् । अग्लो स्थानमा भएकाले धेरै हिमाल र स्थान देख्न सकिन्छ । यहाँ पाँच हजार ५५५ केजीको शिवलिङ्गसमेत स्थापित छ । सयौँ रोपनी जमीनको क्षेत्रमा रहेको यो मन्दिरसँगै जङ्गल र जङ्गली जनावर संरक्षित छन् । यहाँ चितुवा, मृगलगायतका जनावर र कालिज पक्षी पनि पाइने स्थानीय भीष्म कँडेलले बताउनुभयो । अहिले उक्त मन्दिर र आश्रम रहेको स्थानमा वस्ती पातलो भएकाले चोरी शिकारी बढेकाले संरक्षणका कार्यक्रम आवश्यक भएको उहाँको भनाइ छ ।

वडा तहको बजेटले सयौँ रोपनी जमीनलाई घेराबार लगाउन नसकिने भएकाले गाउँपालिका र प्रदेश सरकारसम्म माग गर्नुपर्ने उहाँले बताउनुभयो । "कार्ययोजना बनाएर प्रदेश तहमा माग गर्नैपर्ने भएको छ", कँडेलले भन्नुभयो, "धार्मिक आस्था र प्राकृतिक सौन्दर्य लोप भयो भने अर्बौंको सम्पत्ति नष्ट हुनेछ ।" यहाँ बसेका साधुसन्तले हातमै आहारा राखेर कालिज, परेवा र अन्य चराचुरुङ्गीलाई दिने गरेको जानकार बताउँछन् । सयौँ चरा मानिस झैँ आएर आश्रममै बस्ने गरेकाले त्यही दृश्य हेर्न पनि धेरै मानिस पुग्ने गरेका छन् । गाउँपालिका अध्यक्ष अमर थापाले पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने बताउनुभयो । "प्रदेश तहबाट सहयोगको अपेक्षा गरिएकाले पालिकाको लगानी भएको छैन", थापाले भन्नुभयो, "स्तरीय सडक बनाउने काममा काम थाल्छौँ । अहिले यहाँ पुग्ने कच्ची सडक छ । बेलाबेला भत्कने भएकाले चाहेर पनि सबै सवारीसाधन पुग्न सक्दैनन् ।" नेपाल पर्यटन बोर्डको समेत लगानी ल्याउनका लागि प्रस्ताव पठाएकामा सुनुवाइ नभएको थापाले बताउनुभयो । रामकोट नजिकै शिवधुरी घरवास(होमस्टे) पनि सञ्चालनमा छ । होमस्टेमा बस्ने गरी पर्यटक भित्र्याउने योजना सार्वजनिक गर्न स्थानीयवासीले पालिकामा आग्रह गरिरहेका छन् ।

# व्यास गुफा र तनहुँसुरलाई जोड्न हाफ म्याराथन

**पोखरापत्र संवाददाता**
**दमौली, १४ फागुन**

चार वर्षदेखि अल्ट्रा म्याराथन गर्दै आएको तनहुँको व्यास नगरपालिकाले पहिलोपटक महिला हाफ म्याराथन गर्ने भएको छ ।

अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा नगरपालिकाले फागुन २४ गते हाफ म्याराथन गर्न लागेको हो । व्यास नगर अल्ट्रा म्याराथनको सफलताका कारण साहसिक पर्यटकीय खेलको रुपमा रहेको दौड प्रतियोगितामा महिला सहभागिताको महत्वलाई महसुस गरी धार्मिक पर्यटकीयस्थल व्यास नगरपालिका-३ व्यास गुफादेखि ऐतिहासिकस्थल व्यास नगरपालिका-११ तनहुँसुरसम्म म्याराथन गर्न लागिएको नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । "धार्मिकरुपमा परिचित व्यास गुफा र ऐतिहासिकस्थलको रुपमा परिचित तनहुँसुरलाई खेलको माध्यमबाट जोड्ने उद्देश्यसहित म्याराथन गर्न लागेका हौँ", उहाँले भन्नुभयो । गत वर्ष तय गरिएको महिला म्याराथन कोभिडका कारण स्थगित भएको थियो । खुल्ला हाफ म्याराथनमा प्रथम हुनेलाई रु ४१ हजार ७७, द्वितीय हुनेलाई रु ३१ हजार ७७, तृतीय हुनेलाई रु २१ हजार ७७ र सान्त्वना हुने पाँच जनालाई रु ११ हजार ७७ प्रदान गरिनेछ । हाफ म्याराथन व्यास गुफादेखि सफा सडक हुँदै ट्राफिक चोक, भोर्लेटार चोक, पृथ्वी राजमार्गको तालघरे, मुसेखोला, घाँसीकुवा, पराशर मार्गको सेरा, बेलटारी, खड्गकाली मार्गको चिसापानी, अर्चलचौर, धरमपानी, गङ्गलथोक, पत्यारथोक, चण्डीथान, गद्दीचौतारा हुँदै व्यास नगरपालिका-११ स्थित ऐतिहासिक तनहुँसुर दरबारमा पुगेर टुङ्गिनेछ । उक्त दूरी २१ किमिको रहनेछ । म्याराथन रुटमा खेलाडीबाट नियमसम्मत रुपमा दौड सम्पन्न गर्नका लागि विभिन्न पाँच स्थानमा चेकपोइन्टको व्यवस्था गरिएको छ । चेकपोइन्टमा धावकले दौडको नियम पालना गरे नगरेको निरीक्षण गरिनेछ भने धावकका लागि पानी, चकलेट साथसाथै स्वास्थ्यसँग सम्बन्धित आवश्यक सम्पूर्ण सामग्री सम्बन्धित वडामा टोल विकास संस्थाको सहभागितामा राखिने छ । नगरउपप्रमुख मीरा जोशीका अनुसार घाँसीकुवा, बेलटारी, अर्चलचौर, धरमपानी र तनहुँसुर दरबारमा चेकपोइन्ट रहनेछ । म्याराथनलाई सफलतापूर्वक सम्पन्न गर्नका लागि नगर प्रमुखको संयोजकत्वमा नगरसभा सदस्य रहने गरी मूल आयोजक समिति गठन गरिएको छ । जसअन्तर्गत विभिन्न नौवटा उपसमिति गठन गरिएको छ । व्यास नगरपालिकाले मानुङकोटदेखि पुलिमराङसम्म ४४ किमी दूरीको अल्ट्रा म्याराथन प्रतियोगिता हरेक वर्ष शहीद दिवसको दिन गर्दै आइरहेको छ ।

# मध्यपहाडी लोकमार्गको पोखरा-बागलुङ खण्डमा धमाधम कालोपत्र

**–खेमराज गौतम**
**बागलुङ, १४ फागुन**

मध्यपहाडी पुष्पलाल लोकमार्गको पोखरा-बागलुङ खण्डमा धमाधम सडक कालोपत्र भइरहेको छ ।

साँघुरो र धेरै ठाउँमा जीर्ण प्रायः बनेको भूपि शेरचन राजमार्गलाई अहिले राष्ट्रिय गौरवको आयोजनाको रुपमा मध्यपहाडी लोकमार्गका रुपमा स्तरोन्नति गर्ने क्रम तीव्र छ । पश्चिम क्षेत्रको सर्वाधिक चल्तीको मार्ग भए पनि यस सडकमा यात्रा गर्न सकसपूर्ण भएकाले अहिले लोकमार्गको विस्तार र स्तरोन्नतिसहित धमाधम सडक कालोपत्र भइरहेको मध्यपहाडी पुष्पलाल लोकमार्ग आयोजनाले जनाएको छ । पोखराबाट पर्वत हुँदै बागलुङसम्मको ६२ किलोमिटर सडकमा धमाधम कालोपत्रको काम भइरहेको छ । अहिले कास्की जिल्लाको हेम्जाको छ लेन र पर्वत जिल्लाको कुश्मा बजारबाट अर्मादीसम्मको दुई लेन सडकमा कालोपत्रको काम भइरहेको छ भने घट्टेखोलाको पूलबाट कास्की नयाँ पुलसम्मको २५ किलोमिटर सडक कालोपत्र सम्पन्न भइसकेको मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय पर्वतका प्रमुख मेघराज मरासिनीले जानकारी दिनुभयो ।

"कोरोना कहरका कारण केही ढिला भएको थियो, अहिले निकै द्रुत गतिका साथ सडक कालोपत्र भइरहेको छ", उहाँले भन्नुभयो, "भवितव्य नभए पोखरा-बागलुङ खण्डको काम यही असारसम्म सक्नेमा हामी विश्वस्त छौँ ।" विसं २०७४/७५ मा पोखरा-बागलुङ खण्ड स्तरोन्नति गरी कालोपत्र गर्न उक्त ६२ किलोमिटर सडकलाई चार खण्डमा विभाजन गरी तीन वर्षका लागि ठेक्का लगाइएको थियो । ठेक्का अवधिभित्र कोरोनाका कारण पाँच महिना मात्रै समय अवधि थप गर्न सकिने आयोजना कार्यालय पर्वतका इञ्जिनीयर उज्वल शर्माले बताउनुभयो ।

मध्यपहाडी पुष्पलाल लोकमार्गको पोखरा-बागलुङ खण्डको ६२ किलोमिटरमध्ये झण्डै ४० किलोमिटर सडक कालोपत्र भइसकेको छ । अहिले सबै खण्डमा पूर्वाधार निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । अहिले पर्वत खण्डमा समेत सडक विस्तार र कालोपत्र दुवै काम शुरु भइसकेको छ । कास्कीको हेम्जा खण्डको ८० प्रतिशत सडक कालोपत्र सम्पन्न भइसकेको छ भने नयाँपुलबाट कुस्मा-बागलुङ खण्डमा करिब ३० प्रतिशत सडक कालोपत्र भइसकेको छ । अन्य स्थानमा धमाधम कालोपत्रका लागि बेस, सव बेस तथा ग्राभेल बिच्छ्याउने काम भइरहेको छ । साँघुरो कालोपत्र सडक भत्काएर दुई, चार र छ लेनमा विस्तार गरी कालोपत्र भइरहेको छ ।

लोकमार्ग अन्तर्गत पोखरा-बागलुङ खण्डको कास्कीको हेम्जास्थित याम्दी पुलदेखि यताको छ किलोमिटर सडक शर्मा एण्ड कम्पनी जेभी, हेम्जाको दोस्रो खण्डको घट्टे पुलसम्मको छ किलोमिटर सडक स्वच्छन्द/इलाइन्ट जेभी, घट्टेखोलादेखि कास्की नयाँपुलसम्मको २५ किलोमिटर सडक श्रेष्ठ/दिवा/एपेक्स जेभी र नयाँपुलदेखि बागलुङ र पर्वतको सिमानास्थित मालढुङ्गासम्मको २५ किलोमिटर सडक लामा कन्ट्रक्सनले निर्माणको जिम्मा लिएको छ । छ लेनको सडक रहेको कास्कीको याम्दी पुलदेखि फेदीखोला नजिकैको ११ किलोमिटर र फेदीखोलासम्मको दुई लेनको एक किलोमिटर सडकको भौतिक प्रगति ८० प्रतिशत पुगेको आयोजना कार्यालयका कास्की खण्डका इञ्जिनीयर अनन्त बरालले बताउनुभयो । बैसट्ठी किलोमिटर सडकको लागत अनुमान झण्डै रु चार अर्बको रहेको मध्यपहाडी लोकमार्गले जनाएको छ । शुरुमा झण्डै ५.५ मिटर चौडा रहेको भूपि शेरचन राजमार्गलाई मध्यपहाडी लोकमार्ग भएपछि हेम्जामा छ लेनको झण्डै ११ किलोमिटर ३० मिटरको चौडा, कुस्मा बजारमा दुई किलोमिटर सडक चारलेनको २२ मिटर चौडा र अन्य सडक दुई लेनको १० मिटर चौडा पारिएको हो ।

छ लेनको ११ किलोमिटर र अन्य सडक छुट्टाछुट्टै प्रविधिबाट कालोपत्र गरिरहेको आयोजनाका इञ्जिनीयर शर्माले जानकारी दिनुभयो । छ लेनको सडक अलकत्रासँग घोलिएरको चिप्स गिट्टीले कालोपत्र गरिएको छ भने अन्य सडकखण्ड अलकत्रा बिच्छ्याइएपछि चिप्स गिट्टी मात्रै हालेर कालोपत्र भइरहेको छ । आयोजनाको पोखरा बागलुङ खण्डले तीव्रता पाए पनि ठेक्का शुरु गरेको चार वर्षसम्म बागलुङदेखि रुकुम खण्डको १४० किलोमिटर सडकमा अझै ४६ किलोमिटर सडक कालोपत्र हुन बाँकी छ ।

निसीखोला खण्डमा कालोपत्र गर्ने कामको सन्तोषजनक अवस्था रहे पनि बागलुङ बजारबाट घोडाँबाधेसम्मको २५ किलोमिटर सडक कालोपत्र हुन सकेको छैन । घोडाबाँधेदेखि खर्बाङसम्मको ३५ किलोमिटरमा सबै भागको काम सकिएको छ । छब्बीस जिल्लाका सर्वसाधारणलाई फाइदा हुने गरी विसं २०६४ मा डिजाइन गरिएको लोकमार्ग अहिले निर्माण चरणमै छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## भावपूर्ण श्रद्धाञ्जली



**जन्मः**
**वि. सं. १९९०/१०/०८ गते**

**स्वर्गारोहणः**
**वि. सं. २०७७/११/०९ गते**

**स्वः भुवलदेवी बाटाजू**

हाम्रा आत्मीय मित्र इन्दिरा बाटाजू (कायस्थ)तथा दाजु रमेश कुमार बाटाजू, सुरेश कुमार बाटाजू, ईश्वर कुमार बाटजू एवं भाइ सन्देश कुमार बाटाजूका ममतामयी आमा पोखरा-२, भीमसेन टोल निवासी **भुवलदेवी बाटाजू** को ८७ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौँ । आज उहाँको ७ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारणा गर्ने शक्ति भगवानले प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

| | | | |
|---|---|---|---|
| बासुदेव चालिसे | सुमेरु बराल | रामकृष्ण पाहारी | अजय वाग्ले |
| सितादेवी चालिसे (वाग्ले) | सुरजजङ्ग राणा | नारायण भण्डारी | राज कुमारी थापा |
| रन्जन ढकाल | शोभाकान्त सिग्देल | बासुदेव पौडेल | ललित मगर |
| रिता पराजुली | हेमराज चालिसे | केशव बराल | शिवा गुरुङ |
| उत्तम बराल | कृष्ण थापा | सृजना बराल | |

**स्नातक समूह २०५५ पृथ्वीनारायण क्याम्पस, पोखरा**